कचनकवल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बनियानी, झापा

पत्र संख्या: २०७९/८० 
चलानीनं.: ५५० 

१.नं. प्रदेश,नेपाल 
मितिः- २०७९-०७-२१गते

**विषय : सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धमा ।**

श्री सबै सातवटै वडा कार्यालयहरु,
कचनकवल गा.पा. |

प्रस्तुत विषयमा सामाजिक सुरक्षा ऐन, २०७५ तथा सामाजिक सुरक्षा नियमावली, २०७६ को प्रावधान बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीले प्रत्येक आ.व.को कार्तिक मसान्तभित्रमा स्वयं उपस्थित भई भत्ता नवीकरण गर्नुपर्ने व्यवस्था अवगतै छ । सोही व्यवस्था बमोजिम यस कार्यालयवाट चालु आ.व.को श्रावण महिनामै नवीकरण गर्ने सम्बन्धमा परिपत्र तथा आम सञ्चार माध्यमबाट प्रचारप्रसार समेत गरी २०७९ श्रावण १ गतेदेखि २०७९ भदौ मसान्तसम्ममा नवीकरण गरिएका लाभग्राहीहरुलाई असोज महिनामै पहिलो किस्ताको भत्ता वितरणको कार्य सम्पन्न गरिसकिएको व्यहोरा अवगत गराई यस गाउँपालिका अन्तर्गतका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरु मध्ये कोही कसैको हालसम्म पनि नवीकरण गर्न छुट भएमा उक्त विवरण वडा कार्यालयहरुले सम्पूर्ण योग्य लाभग्राहीहरुलाई स्वयं उपस्थित भई कार्तिक मसान्त अगावै सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न गराउनुहुन अनुरोध छ ।

**नोट : कार्तिक मसान्तसम्म सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न छुट हुने लाभग्राहीहरु उक्त समयावधि पश्चात नवीकरण गर्न आएमा नयाँ नाम दर्ता गर्नुपर्ने कानुनी व्यवस्था भएको हुँदा छुट भएको अवधिको भत्ता समेत प्राप्त नहुने व्यवस्था सामाजिक सुरक्षा नियमावली, २०७६ मा रहेको व्यहोरा अवगत गराइन्छ ।**

हिरा कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत

हिरा कुमारी यादव
प्रमुख प्रशासकीय अधिकृत